"राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. तुल प्रसाद विश्वकर्मा | ०२. | मा. विष्णु बहादुर विश्वकर्मा |
| ०३. | मा. डा. बेदुराम भुसाल, मा. गोपीबहादुर सार्की अछामी, मा. मायाप्रसाद शर्मा, मा. घनश्याम रिजाल, मा. उदयबहादुर बोहरा, मा. गंगा कुमारी बेल्वासे | | |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. विष्णु बहादुर विश्वकर्मा | ४ | | (क) | | खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नु पर्नेः-<br>"(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः<br>"(१) नेपाल सरकारले तोकेको वस्तुको व्यापार गर्ने व्यक्तिले पच्चीस प्रतिशतभन्दा बढी खुद मुनाफा लिई बिक्री गरेमा निजलाई एक |

नायवहाली

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | वर्ष कैद वा दुई लाख पचास हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ।" |
| २. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४ | | (क) | | खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखु पर्ने:-<br>"(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः<br>"(१) मालवस्तु व्यापार गर्ने व्यक्तिले अधिकतम खुद्रा मूल्य (एमआरपी) नतोकिएको मालवस्तु बिक्री गर्दा बीस प्रतिशतभन्दा बढी खुद नाफा लिएमा वा अभावको लाभ उठाई अनुचित नाफा लिई मालवस्तु बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।" |
| ३. | मा. तुल प्रसाद विश्वकर्मा | ४ | | | | दफा ४ झिकी त्यसपछिका दफाक्रम मिलाउनु पर्ने। |
| ४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (२) | (क) | | झिकी त्यसपछिका खण्डक्रम मिलाउनु पर्ने। |
| ५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (२) | (ग) | | झिक्नु पर्ने। |
| ६. | मा. विष्णु बहादुर विश्वकर्मा | ५ | (२) | (ग) | | "तीन करोड" भन्ने शब्दहरूको सट्टा "एक करोड" भन्ने शब्दहरू राखु पर्ने। |
| ७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (४) | | | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा थप्न प्रस्तावित दफा २४क. को उपदफा (२) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ८ | (१) | | | बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५५ को उपदफा (२) को सट्टा प्रस्तावित उपदफा (२) को अन्त्यमा देहायको स्पष्टीकरण थप्नु पर्ने: |

नायवहाली २

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | "<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनका लागि चल अचल सम्पत्ति भन्नाले जमिन लिजमा लिई निर्माण गरिएका कृषि तथा औद्योगिक संरचना समेत सम्झनु पर्छ।" |
| ९. | मा. तुल प्रसाद विश्वकर्मा | ९ | (४) | | | विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १३ को उपदफा (१) मा थप्न प्रस्तावित प्रतिबन्धात्मक वाक्यपछिको स्पष्टीकरण खण्डमा रहेका "आगलागी, औद्योगिक दुर्घटना" भन्ने शब्दहरूको सट्टा "आगलागी" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १०. | मा. तुल प्रसाद विश्वकर्मा | ९ | (५) | | | उपदफा (५) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क.सं. १ देखि १० सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

.................................

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।१२।१३